# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ सङ्ख्या : १ मिति : बैशाख १५, २०७८

# भाग - २

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

**उर्लाबारी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७७**

उर्लाबारी नगरपालिका

उर्लाबारी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, उर्लाबारी नगर कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "उर्लाबारी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. उर्लाबारी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ को दफा १० को उपदफा १ (ख) मा संशोधनः** उर्लाबारी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा १० को उपदफा १ को बुँदा नं. (ख) को सट्टा देहायको बुदाँ नं. (ख) राखिएको छ ।

"(ख) प्रमुखले तोकेको विषय विज्ञको रुपमा सरकारी सेवाको वहालवाला वा अवकाश प्राप्त अधिकृतस्तरको कर्मचारी - सदस्य"

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।१२।१२

आज्ञाले,
मुरारीप्रसाद घिमिरे
नि. प्रमुख प्रशासकीय अधिकृत

*मूल्य रु. ५।-*



उर्लाबारी नगरपालिका